## "विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार, हिमा गाउँवासीको सुखि, खुसी र सम्वृद्धिको सपना पार्नुछ साकार"

यस सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार, सुरक्षाकर्मी तथा हिमा गाउँपालिका गाउँ सभाको **१८औं** गाउँ अधिबेशनमा हाम्रो निमन्त्रणालाई स्विकार गरी सभामा उपस्थित हुनुहने सम्पूर्ण महानुभावज्यूहरु, अतिथि लगायत समस्त हिमाबासी दाजुभाई तथा दिदिबहिनीहरुलाई हिमा गाउँपालिका, जुम्लाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

स्थानीय सरकार सञ्चालन पछि जनप्रतिनिधीहरुको दोश्रो कार्यकालको तेश्रो वर्ष सञ्चालन भैरहेको यस गाउँपालिकाको **१८औं गाँउ सभामा** हिमा गाउँपालिकाको उपाध्यक्षको रुपमा विशेष उत्साहका साथ आगामी आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु, यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापना लगाएत देशको सामाजिक, राजनैतिक, आर्थिक तथा सांस्कृति परिवर्तनका लागि विभिन्न समयमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात् सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै यस गाउँपालिकाका पूर्व अध्यक्ष श्री रज बहादुर शाहीलाई स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**"समृद्ध नेपाल, सुखी नेपाली दिगो विकास लक्ष्य "** को मूल नारालाई पुरा गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने उद्देश्य सहित नेपालको संविधान, २०७२ जारी भई स्थानीय तहको गठन तथा सञ्चालन भएको र संघीयता कार्यान्वयनको चरणमा रहेको अवगत गराउन चाहन्छु, जनताका आधारभुत आवश्यकता पुरा गर्न विकासका योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संविधान, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कर्णाली प्रदेश सरकार विषयगत मन्त्रालयहरुबाट प्राप्त मार्ग निर्देशन, विभिन्न नीति निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्ययोजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूची अनुरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट छनौट तथा प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु ।

कर्णाली प्रदेशको दुर्गम जुम्ला जिल्लाका आठ वटा स्थानीय तहमध्ये हिमा गाउँपालिका विभिन्न जातिय विविधता, खस भाषाको उदगम स्थल लगायत विभिन्न भाषिक, साँस्कृतिक एवं प्राकृतिक र पर्यटकीय संम्भावना सहित विकासको प्रचुर सम्भावना बोकेको स्थल हो, गाउँपालिकाको यस क्षेत्रमा भएका राजनैतिक दल एवं जिल्लाका व्यवस्थापिका सांसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद एवं मन्त्रीज्यूहरु लगायत समस्त राजनितिक नेतृत्वगणहरु, गाउँपालिका वासिन्दाको विकास कार्यमा हुने ऐक्यवद्धताले हामीलाई कार्य सञ्चालनमा महत्वपूर्ण हौसला मिलेको व्यहोरा अवगत गराउन चाहन्छु। मुलुकको सार्वभौमिकता भौगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधिनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान ब्यक्त गर्दछु।

विश्व आर्थिक मन्दीका कारण नेपालको राष्ट्रिय अर्थतन्त्र कमजोर र धरासयी भएको बर्तमान अवस्थामा यसको प्रभाव र क्षति सम्पूर्ण स्थानीय तहमा परेको ब्यहोरा गराउदैं देश आक्रान्त भएको विषम् परिस्थितिमा हजारौ लाखौ श्रमिकहरुले आफ्नो जिविकोपार्जन र आय आर्जनका कार्यहरु सञ्चालन गर्न नसकेको यो अवस्थामा बेरोजगारहरुलाई रोजगारीको श्रृजना गर्न यूवाशक्तिहरुलाई उत्पादनमा जोड्न, स्वास्थ्य शिक्षा लगायत नागरिकका आधारभूत आवश्यकताहरु परिपूर्ति गर्नका लागि प्रस्तुत हुने नीति तथा कार्यक्रमले अधिकांश विषयलाई समेटने विश्वास लिएको छु।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधान २०७२, जारी भए पश्चात नेपाल संघीय गणतन्त्रात्मक राज्यको रुपमा परिचित भईरहेको बर्तमान अवस्थामा दश जिल्लाहरु समेटिएको यस प्रदेशको नामाकरण भई **"कर्णाली"** प्रदेश कायम भएको र प्रादेशीक राज्यको राजधानी सुर्खेत कायम भईसकेको अवस्थामा सो अनुरुप जुम्ला जिल्लाका विभिन्न आठ स्थानीय तहहरुमध्ये यस हिमा गाउँपालिकाले पनि आफ्नो बिकास प्रक्रियालाई तिब्रता दिई आवश्यक भौतिक पूर्वाधारको विकास र विकासका सवै आयामहरुलाई समेटी जनतालाई रोजगारीको माध्यमबाट जीवनस्तर सुधार गर्ने र गरिवी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टड्कारो रुपमा देखिएको छ। गाउँपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनलाई एकिकृत गरी गरिब, महिला, बालवालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पछाडी परेको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट समावेशी तथा समानुपातिक विकास निर्माण कार्य अगाडी वढाउन हामी प्रतिबद्ध छौ।

'विकास प्रक्रिया जनमुखी, पारदर्शी, समतामूलक सहभागितामूलक, दिगो भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त सम्भावना र अवसर हुँदाहुँदै पनि आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमिनमा कृषिको आधुनिकीकरण एवं व्यवसायीकरण हुन नसक्नु, बाँझो जग्गाको सदुपयोग गर्न नसक्नु, गैह्र सरकारी संघ संस्थाका कार्यक्रमलाई आवधिक योजनासंग तालमेल मिलाउदै कार्यान्वयन गर्न नसक्नु, समुदाय र वडाबाट माग गरिने योजना अत्याधिक हुनु, जलविद्युत एवं उर्जाको क्षमता कमजोर हुनुका साथै राष्ट्रिय विद्युत प्रसारण लाईन पालिका सम्म जोडिएको,तर सम्पुर्ण गाउँवस्तीहरुमा आवश्यकता अनुसार विद्युत माग पुरा हुन नसक्नु, गुणस्तरीय शिक्षा तथा सञ्चारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु, तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु र कर्मचारीहरुमा समेत व्यवसायिकताको क्षमता विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतिहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको यथार्थ हाम्रा सामु स्पष्ट रुपमा रहेको अवगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय तथा उपस्थित महानुभावज्यूहरु,**
**अब म गाउँपालिकाको समग्र स्थितिको बारेमा अवगत गराउन चाहन्छु ।**

१. सिमित स्रोत साधन र असिमित योजना मागका कारणले जनताका सबै आवश्यकता पुरा गर्न नसकिएको वर्तमान परिबेशमा सकभर जनताका नितान्त जायज आवश्यकता पुरा गर्न तर्फ हामी अग्रसर हुनेछौं ।

२. हाम्रो गाउँपालिका मानव बिकास सुचाङ्ककमा कमजोर रहेको अवस्थामा बिकासलाई गति दिन हाम्रा सामु थुप्रै चुनौति रहेको कुरा अवगत गराउन चाहन्छु ।

३. चालु आ.व. मा छनौट भई सञ्चालित योजनाहरु कार्यान्व्रयनको क्रममा रहेका र उक्त योजनाहरु पूर्ण हुँदा गाउँपालिकाको सडक संजालको विकास, खानेपानी, सिचाई, जलविद्युत लगायत भौतिक पूर्वाधार र आर्थिक सामाजिक क्षेत्रमा उल्लेख्य प्रगती हुने अनुमान गरिएकोछ ।

४. पालिकाको समृद्धिको लागि विभिन्न निकाय, संघ-संस्था सम्पूर्ण राजनितिक दल, उद्योग ब्यवसायी पूर्व जनप्रतिनिधि, पालिका स्तरीय शिक्षा समिति, सम्पूर्ण सामुदायिक विद्यालयका वि ब्य स अध्यक्ष तथा प्र अ, महिला संजाल, महिला दलित अपाङ्गता भएका ब्यक्ति जेष्ठ नागरिक, बालक्लव यूवा क्लव महिला स्वमयसेविकाहरु खेलाडी विधार्थी धामी डाङ्गी शिक्षक कर्मचारी बुद्धिजिवी र सम्पूर्ण सरोकारवाला निकायहरु संग ब्यापक छलफल तथा सहकार्य गरी सकारात्मक तथा रचनात्मक सुझावहरु ग्रहण गरि सकिएकोछ ।

**सभाध्यक्ष महोदय,**

**अव म आ.ब. ०८२/०८३ का लागि तय गरेका प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१. **"विकासका सम्पूर्ण पुर्वाधारहरुको मूल आधार, हिमा गाउँपालिकावासीको सुखि खुसी र सम्वृद्धिको सपना पार्नुछ साकार"** भन्ने मुल नाराका साथ आ.ब.०८२/०८३ को प्रमुख नीति बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

२. स्वस्थ जीवन सुखी जीवनको मूल मर्मलाई आत्मसाथ गर्दै यस बर्ष प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतुमा आखा शिविर र जनरल स्वास्थ्य शिविर, वडा नं २ मा अपाङ्ग शिविर, स्वास्थ्य चौकी बड्कीमा जनरल शिविर संचालन गरेको साथै आगामी वर्षमा पनि विभिन्न स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३. हिमा आवाशिय विद्यालयलाई संस्थागत गर्दै यसको बृद्धि विकासका लागि निरन्तरता दिदै गरिब, अनाथ तथा टुहुरा बालवालिका हरुलाई व्यवस्थित रुपमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ।

४. हिलो मुक्त गाउँ घोषणा अभियान अन्तरगत आर.सि.सि/पि.सि.सि. हुन वाँकी वडा/वस्तिहरुमा आर.सि.सि/पि.सि.सि. वाटो निर्माण गरिनेछ।

५. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा, दलित, महिला तथा सिमान्तकृत वर्ग लाई प्राथमिकता दिइ रोजगारी प्रदान गरिनेछ।

६. पर्यटन व्यवसाय विकासको एक आयम हो भन्ने तथ्य लाई आत्मसाथ गर्दै रुपीछडा झरनाको प्रचार प्रसार गरिनुका साथै वाजागाड देखि रुपीछडा झरना सम्म पदमार्ग निर्माण गरिनेछ।

७. टुक्रे योजनाहरुलाई निरुत्साहित गरी बढि भन्दा वढी जनसहभागीता जुट्ने र स्थानीय श्रोत साधन परिचालन गर्न सकिने योजना छनौट गर्नुका साथै जनताको आवश्कता अनुसारका योजना संचालनमा प्राथमिकता दिईनेछ।

८. यूवाहरुलाई वैदेशिक रोजगारिमा जानबाट निरुत्साहित गर्न परम्परागत तथा रैथाने खेतीमा टेवा पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने नीति ल्याइनेछ।

९. उज्यालो हिमा, सुन्दर हिमा कार्यक्रमलाई अगाडी वढाउन यस वर्ष राष्ट्रिय प्रशारण लाईन गाउँपालिका विभिन्न वस्तीहरुमा यथासिघ्र सञ्चालनमा ल्याइनेछ।

१०. नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी निर्माण भएका कच्चि सडक लाई स्तर उन्नती गर्नका लागी संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गरी स्तरोन्ती गर्न पहल गरिनेछ।

११. परम्परागत खेती प्रणालीलाई संरक्षण र प्रवर्द्धन, गर्नका लागी स्थानीय कोदो, फापर, जुम्लीमार्सी धान, ढँटेलो जस्ता रैथाने वाली लगाउने कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१२. जडीवुटी खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न सरकारी तथा गैरसहकारी निकायहरुसंग समन्वय/सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. गुणस्तरिय, प्राविधिक तथा प्रतिस्प्रर्धी शिक्षाको नारा लाई आत्मसाथ गर्दै यस गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकहरुलाई शैक्षिक तालिम र गोष्ठि सञ्चालन गरिनुका साथै लोक सेवा, शिक्षा सेवा र अन्य आयोगबाट सिफारिस हुने विद्यार्थी हरुलाई पुरुस्कृत गरिने तथा मासिक रुपमा अन्तर माध्यमिक विद्यालय विच प्रतिष्पर्धा गराईने छ र सम्पूर्ण सामुदायिक विद्यालयले प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप अनिवार्य रुपमा सञ्चालन गर्नु पर्ने र उक्त कार्यका लागी बजेट ब्यवस्थापन गरिनेछ ।

१४. विभिन्न मितिमा गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको गाउँ शिक्षा समिती, सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापक, वि.ब्य.स. अध्यक्ष, शिक्षा शाखा विच बसेको संयूक्त वैठकले गरेको निर्णयलाई कार्यान्वयनमा ल्याइनेछ ।

१५. यस गाउँपालिकामा गठन भई सञ्चालनमा आएका सक्रिय सहकारी संस्थाहरुलाई कार्य प्रगतिको आधारमा आवश्यक बजेटको व्यवस्था गरि प्रोत्साहित गरिनेछ ।

१६. एकल महिला उपाध्यक्ष सँग गर्भवती तथा सुत्केरी महिला तथा अपाङ्गता व्यक्तिहरुलाई आत्मनिर्भर बनाउने उदेश्यका साथ सिप मूलक तालिमको व्यवस्था गरी जिविकोपार्जनमा सहजिकरण ल्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७. जनताका आधारभुत आवश्यकता पुरा गर्न तथा विकास प्रक्रियालाई निरन्तरता दिन आन्तरिक श्रोतको दायरा फराकिलो गरी करको दायराभित्र समावेश हुन नसकेका पक्षहरुलाई करको दायरामा ल्याउने र आ.व. २०७५/०७६ को श्रावण १ गते देखि लागु भएको ***"सम्पत्ती तथा मालपोत कर"*** प्रणालीलाई निरन्तरता दिईनेछ ।

१८. ***'अर्गानीक वालि संरक्षण अभियान कार्यक्रम'*** लाई निरन्तरता दिदै कृषि उत्पादनहरुमा विषादीको प्रयोगलाई निषेधित गरिनेछ ।

१९. भू-क्षयबाट जन, धन र जमिन बचाउन भू-संरक्षण कार्यक्रम लागू गरिनेछ ।

२०. जोखिममा रहेका वस्तीहरुलाई स्थानान्तरण गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी जोखिमयुक्त बस्तीहरु स्थानान्तरण गरिनेछ ।

२१. हिमा गाउँपालिकाबाट सञ्चालन हुन नसक्ने वृहत आयोजनाहरुको छनौट गरी संघीय र प्रदेश सरकार सँग आयोजना सञ्चालनका लागि DPR तयार गर्न आवश्यक बजेटको ब्यवस्था गरीनेछ।

२२. शुसासन तथा सूचनाको हकलाई प्रभावकारी बनाउन संचारका साधनहरुको अधिकतम प्रयोग गरी अनिवार्य प्रकाशन गर्नुपर्ने विवरणहरु सार्वजनिक गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन पत्रकार सम्मेलन, सार्वजनिक सुनुवाई, घुम्तीसेवा लगायतका कार्यहरु कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

२३. नागरिक सेवामा ईमान्दारीताकासाथ कार्य संचालन गर्न शिक्षक, निजामती, तथा अन्य कर्मचारीको मनोवल बृद्धिका लागी पुरुस्कृत गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

२४. कृषि, पशुपन्छी र महिला तथा बालवालिका शाखाका थप कार्यक्रमहरु सशक्तिकरण र कार्यान्वयन तथा सहजिककरणका लागि आवश्यक ब्यवस्था गरिनेछ।

२५. घरेलु, महिला र बालहिंसा न्युनिकरणका लागि सरकारी तथा गैर सरकारी निकायहरुसंगको समन्वयमा तालिम/गोष्ठि सञ्चालन गरिनुको साथै हिंसा पिडीतका लागि पुर्नउत्थान कार्यक्रम सञ्चालन गर्नका लागी पुर्नउत्थान कोष स्थापना गरि सञ्चालनमा ल्याईनेछ।

२६. फोहोर मैला व्यवस्थापन कार्यलाई ब्यवस्थित गर्न वडा/टोल वस्तिहरुमा स्वास्थ्य तथा सरसफाइका कार्यक्रम सञ्चालन गर्न यूवा क्लव, महिला संजाल, आमासमुह, सरसफाई तथा स्वच्छता समिति ब्यापक परिचालन गरी आ.ब. २०८२। ०८३ लाई सरसफाई तथा स्वच्चछता वर्षको रुपमा मनाईनेछ।

२७. बाल विवाह मुक्त गाउँपालिका घोषणा भईसकेकोले बहुविवाह घरेलु हिंसा, छाउपडी प्रथा तथा छुवाछुत प्रथा लगाएत अन्य कुरुतीहरुको न्यूंनिकरणका लागी उपाध्यक्ष सँग जनचेतना मुलक कार्यक्रम संचालनमा ल्याईनेछ।

२८. ७ वटै वडा र गाउँवस्तीहरुमा न्यायिक समिति मार्फत न्यायनिरुपण र मेलमिलापका कार्यहरु सञ्चालन गरिनेछ।

२९. बाल विवाह र बहुविवाह गरेको भेटिएमा नियमानुसार दण्ड जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ।

३०. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी वेरोजगार यूवाहरुलाई उत्पादनसिल कार्यमा जोडि शिघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिईनेछ।

३१. श्रमको सम्मान गर्दै सामाजिक सुरक्षा र आदर्श श्रम सम्वन्धको माध्यमबाट श्रमको उत्पादकत्व अभिबृद्धि गर्दै तालिम सञ्चालनको लागि ज्ञान केन्द्रको स्थापना गरी सवै गाउँपालिका वासीलाई काम र रोजगारीको अवसर सृजना गर्न, सीप मुलक तालिमहरु संचालन गरी रोजगारी श्रृजना गर्ने कार्यक्रम तय गरिनेछ।

३२. Green Road Green River Green Hima को आधार तयार गर्न पालिकाका नांङ्गा डाँडाहरु र हिमा नदीका दुईटै किनारमा, बायो ईन्जिनियरिङ् तयार गरी ग्रामिण सड्कको छेउमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ, साथै हिमा गाउँपालिका द्धारा संचालिन सम्पूर्ण आयोजनाहरुमा जनसहभागिता मुलक अनिवार्य बृक्षारोपण गर्ने नीति लिईनेछ।

३३. वडा नं. १ लाई धान पकेट क्षेत्र, आचार्यलिहिलाई तरकारी पकेटक्षेत्र, वडा नं. २ को ओदिलाई आलु र लसुन पकेट क्षेत्र, वडा नं. ३ लाई स्याउ ओखर, सिमी र फलफुल पकेट क्षेत्र, वडा नं. ४ र ७ लाई गहुँ पकेट क्षेत्र, वडा नं. ६ को पाथरखोलालाई मौरी पकेट क्षेत्र, वडा नं. ५ को बुअ, वाजागाडालाई, भेडा, सिमि, स्याउ पकेट क्षेत्र विकास गरी गरिवीको रेखामुनी रहेका वेरोजगार यूवालाई उत्पादनशिल कार्यक्रममा आवद्ध गर्न बजेटको व्यवस्था गरिनेछ।

३४. प्राथमिक स्वास्थ्य केन्द्र कालिकाखेतु लाई १५ सैयाको अस्पतालका रुपमा निर्माण गरी एम्बुलेन्सको ब्यवस्थापन तथा फार्मेसी सञ्चालनमा ल्याईनेछ।

३५. सुत्केरी महिलाहरुलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला जानका लागि निःशुल्क एम्बुलेन्स सेवा लाई निरन्तरता दिईनेछ।

३६. हिमा गाउपालिकाको वडा नं.१ को देवारगाउँ टापुमा पालिकास्तरीय रंगशालाको निर्माण गरिनेछ।

३७. गाउपालिकाका सम्पूर्ण मठ, मन्दीर, चर्च र प्राकृतिक सांस्कृतिक सम्पदाको पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ब्यापक प्रचार प्रसार गरी पर्यटकीय क्षेत्रकारुपमा विकास गर्नुका साथै स्थानीय लोक संस्कृती जगेर्ना गर्न उपाध्यक्ष संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३८. पालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण बजारलाई ब्यबस्थित गरिनेछ।

३९. प्रत्येक घरमा एक घर एक धारा एक घर एक शौचालय कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४०. सुत्केरी महिलालाई उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन गर्न निरन्तरता दिईनेछ।

४१. फलफुल नर्सरी धनिका लागी बेर्ना उत्पादन प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

४२. विभिन्न क्षेत्रमा उल्लेखनिय कार्य गर्ने ब्यक्तीहरुलाई पुरस्कृत गर्नकालागी अक्षयकोष स्थापना गरिनेछ।

४३. हिमा गाउँपालिकाबाट लोक सेवा आयोग, शिक्षा सेवा आयोग मार्फत अधिकृत वा सो भन्दा माथिका पद धारण गर्ने विशिष्ट ब्यक्तीहरुलाई विशेष सम्मान गरिनेछ।

४४. हिमा गाउँपालिकाका सम्पूर्ण बुद्धिजिवी, शिक्षक, कर्मचारी र राजनीतिक प्रबुद्ध ब्यक्तिहरुसंग विभिन्न विषयहरुमा राय, सल्लाह, सुझाव लिने कार्यलाई निरन्तरता दिईनेछ।

४५. गरिव तथा जेहेन्दार विद्यार्थिहरुलाई उच्च शिक्षा अध्ययनका लागी विशेष छात्रबृति कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. शिक्षा नीति पारित भईसकेकाले उक्त नीति कार्यान्वयनमा ल्याईनेछ ।

४७. विधार्थी संख्याका आधारमा दरवन्दी मिलान, प्र.अ.मिलान तथा विद्यालय समायोजन प्रक्रिययालाई कार्यन्वयनमा ल्याइनेछ ।

४८. लोक देउडा, लोक सस्कृति, परम्परागत सस्कृति जगेर्ना सास्कृतिक महोत्सवको आयोजना गरिनेछ, प्रत्येक छ/छ महिनामा पालिका स्तरीय तथा अन्तरपालिका स्तरीय खेलकुद गतिविधि सञ्चालन गरिनेछ ।

४९. कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै सिंचाईकुलो निर्माण तथा मर्मत कार्य संचालन गरिनेछ ।

५०. स्थानिय पाठ्यक्रममा आधारीत पाठ्यपुस्तक तयार गरी आधारभुत तहमा पठन पाठन प्रकृयामा ल्याईनेछ ।

५१. ५० वर्ष देखि ५९ बर्ष सम्मका एकल पुरुषका लागी विदुर भत्ता उपलब्ध गराई सामाजिक सुरक्षाको प्रत्याभुति दिईनेछ।

५२. विद्यार्थिसंग अध्यक्ष कार्यक्रम मार्फत विभिन्न शैक्षिक सुधारका कार्यक्रम संचालन गरिनेछ।

५३. मर्मत सम्भार कोषको स्थापना गरी सञ्चालन ल्याईनेछ ।

५४. संघ र प्रदेशवाट प्राप्त योजनाहरु प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ ।

५५. गैह सरकारी संस्था तथा दातृनिकायहरुलाई एकद्धार प्रर्णाली मार्फत संचालन गर्न NGO Desk लाई प्रभावकारी बनाइ कार्यान्वयनमा ल्याईनेछ ।

५६. २०७९ साल असोज १९ गते देखि २५ गते सम्मको अविरल वर्षाका कारण क्षेतिग्रस्त वडा नं.१ देखिं ७ सम्मको खेतियोग्य जमिनलाई बचाउन नदि नियन्त्रको योजना लागु गरिनेछ।

५७. पढाई मेला कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५८. आ.ब.२०८३/०८४ भित्र हिमा गाउँपालिकाका सम्पूर्ण बस्तीहरुलाई हिलो मुक्त गरिने छ ।

५९. सार्वजनिक वस खरिद गरि पालिका भित्र सञ्चालन गरिनेछ।

६०. हिमा २ ओदीका लागी उन्नत जातको लसुनको विउवितरण गरि लसुन खेतीलाई आधुनिकीकरण गरिनेछ ।

६१. वडा नं १, र ६ वडा कार्यालयको विस्तृत अध्ययन DPR तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

६२. वडा नं ५ को वडा कार्यालय स्थापनाको लागि उपयूक्त स्थानको छनौट गरिनेछ ।

६३. ज्येष्ठ नागरिक आराम तथा सम्वाद कक्ष स्थापनाका लागि पहल गरिनेछ ।

६४. दलित लक्षित कार्यक्रम प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ ।

६५. उद्यमशिलता विकास, लघु तथा घरेलु उद्योग विकासको लागी स्थानीय श्रोत, सीप र सन्दर्भ अनुकुल लघु तथा घरेलु उद्योग विकासको लागि स्थानीय सीप र सन्दर्भ अनुकूल लघु तथा घरेलु उद्योग स्टार्टअप र नवप्रपर्वतनशील उद्यमलाई प्रवर्द्धन गर्न व्यवसायको सम्वर्धन र उद्यमहरुको द्रुतिकरण मार्फत नवप्रवर्द्धन, वित्त र प्रविधमा पहुँच, बजार विस्तार र आम्दानी वृद्धि गरिनेछ ।

६६. यस गाउँपालिका अन्तर्गत रहेका वडा नं १, २ र ३ लाई आ.ब. २०८२/०८३ मा पोषणमैत्री वडा घोषणा गरिनेछ ।

६७. कर्मचारीहरुको क्षमता विकास तथा व्यवसायिक दक्षता अभिबृद्धिमा जोड दिईनेछ ।

६८. साविक गाउँविकास समितिबाट कामकाज गर्दै आईरहेका करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षाकोष कार्यक्रममा आवद्ध गरिनेछ ।

६९. गाउँपालिका भित्र सबै भन्दा बढी स्याउ उत्पादन गर्ने कृषकलाई उत्कृष्ट कृषक घोषणा गरि प्रोत्साहन स्वरुप पुरुस्कारको व्यवस्था गरिनेछ ।

**उपस्थित महानुभावहरु,**

अब म चालु आ.व. ०८०/०८१ र ०८१।०८२ को जेष्ठ सम्मको यथार्थ खर्च र ०८२।०८३, ०८३।०८४ र ०८४।०८५ को आय व्ययको अनुमान यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु।

गत आ.ब. र चालु आ.ब.को हाल सम्मको यथार्थ खर्च, आ.ब. ०८२।०८३, ० ८३।०८४ र ०८४।०८५ लागी प्रस्तावित बजेटको विवरण यस प्रकार छ।

**रु. हजारमा**

| क्र.सं. | बजेटका श्रोतहरु | आ.ब.०८०।०८१ को यथार्थ | आ.ब.०८१।०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ | आगामी तिन आ.ब.को प्रक्षेपण | | | तिन आ.ब.को जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४।०८५ | |
| १ | संघीय सरकार वित्तिय समानिकरण | ८३५०० | २३५७१ | ८७१०० | ८७५०० | ८८००० | २६२६०० |
| २ | संघीय सरकार सशर्त अनुदान | १७८३११ | ९९०९९ | १७२१०० | १७५००० | १७८००० | ५२५१०० |
| ३ | संघीय सरकार राजश्व बाँडफाँड | ६७९१५ | ५१७१७ | ७६८६७ | ७६१७० | ७७००० | २३०८३७ |
| ४ | संघीय सरकार विशेष अनुदान | ६२०८ | १२३९ | १०५०० | १०६०० | १०७०० | ३१८०० |
| ५ | संघीय सरकार समपुरक अनुदान | १४११ | ० | ५२०० | ५५०० | ६००० | १६७०० |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण | ८३३५ | ४५१६ | १०७९५ | १८०५० | १८५५० | ५४५५० |
| ७ | प्रदेश सरकार सशर्त अनुदान | २१३७५ | ४८१६ | १७५१३ | १८०९० | १९००० | ५४६०३ |
| ८ | प्रदेश सरकार राजश्व बाँडफाँड | २८५ | १७७ | ३०० | ५०० | ८०० | १६०० |
| ९ | प्रदेश सरकार विशेष अनुदान | १८०० | ० | ० | २००० | २००० | ४००० |
| १० | प्रदेश सरकार समपुरक अनुदान | ० | १६१५ | १७९०० | १९००० | २०००० | ५६९०० |
| ११ | गाउँपालिकाको आन्तरीक राजश्व | २७०० | १९७२ | २००० | २२०० | २५०० | ६७०० |
| जम्मा | | ३७१८४० | १८८७२२ | ४००२७५ | ४१५४१० | ४२२५५० | १२४५३९० |

आगामी दिनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका बाट हस्तान्तरण भई आउने कार्यक्रमहरु, प्रदेश सरकार एवं अन्य विषयगत मन्त्रालयहरुबाट हस्तान्तरण भई आउने कार्यक्रमहरु तथा विभिन्न गै.स.स. र दातृ निकायहरुबाट प्राप्त हने कार्यक्रमहरु वस्ती स्तरबाट प्राथमिकिकरण भई आएका र सभाले निर्णय गरेका कार्यक्रमहरुमा लगानी गरी कार्यान्वयनमा ल्याइने छ ।

अन्त्यमा, यस क्षेत्रको विकास निर्माण लगायत हरेक गतिविधिहरुमा सक्रियतासाथ सहभागी भई सहयोग गर्नुहुने गाउँसभा सदस्यज्यूहरु, सम्पर्ण राजनीतिक दलहरु तथा दलका प्रतिनिधिज्यूहरु, विकास प्रेमी, समाजसेवी, सरकारी तथा गैर सरकारी निकायका प्रमुखज्यूहरु, शिक्षक, भद्र भलादमीहरुमा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा राय सुझाव दिने विज्ञहरु, नागरिक समाज, संचारकर्मीहरु, कर्मचारी मित्रहरु आम हिमा बासी विकास प्रेमी सचेत नागरीक प्रति हार्दिक हार्दिक धन्यवाद दिदै आभार र कृतज्ञता प्रकट गर्दछु ।

यसै गरी यस क्षेत्रको समष्टिगत विकासका लागि सहयोग गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, राजनैतिक दलहरु, दातृ निकायहरु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी, बुद्धिजिवी, पत्रकार र सम्पूर्ण नागरिकहरुप्रति धन्यवाद दिदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा समेत गर्दै प्रस्तुत नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग र सहकार्य हुने अपेक्षा राखेको छु ।

**धन्यवाद**

**२०८२, असार १० गते**

सुर्पना शाही
उपाध्यक्ष
हिमा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाखेत, जुम्ला